# भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार :– मापदण्ड तथा कार्यविधि २०७३

१. पृष्ठभूमि

हरेक राष्ट्रको विकास र समृद्धिमा राजनीतिक, सामाजिक र साँस्कृतिक लगायतका क्षेत्रमा सम्वद्ध व्यक्तित्वहरूबाट महत्वपूर्ण योगदान भएको हुन्छ । जनआकांक्षा मुताविक राष्ट्रको सर्वतोमुखी विकास, न्याय, समानता र सद्भावयुक्त समाजको निमार्णमा विभिन्न क्षेत्रबाट भएका योगदानहरूको उच्च मूल्यांकन गर्नुपर्ने हुन्छ । यसरी योगदान गर्नेहरूका नाममा विभिन्न प्रकारका पुरस्कारको स्थापना गर्ने लगायतका कार्यहरू मार्फत योगदानप्रतिको कदर र योगदानकर्ताको उचित सम्मान गर्नु सम्बन्धित राज्यको दायित्वभित्र पर्दछ ।

यसै सन्दर्भमा नेपाल सरकारले दलित मुक्ति आन्दोलनका अग्रणी संस्थापक नेता/अगुवा भगत सर्वजित विश्वकर्माले सामाजिक न्याय, समानता र लोकतन्त्रका निम्ति गरेको योगदानको उच्च मुल्यांकन गर्दै नेपाली दलित समुदायको मात्र नभई राष्ट्रिय एकता, सामाजिक सद्भाव, लोकतन्त्र र मानव मर्यादाका पक्षपाती भगत सर्वजितको सम्मान र सम्पूर्ण नेपाली जनताको भावनालाई कदर गर्दै नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मन्त्रीस्तर को मिति २०७२।०५।०२ को निर्णयद्वारा **'भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार'** प्रदान गर्ने व्यवस्था गरेको छ। यस प्रयोजनका लागि नेपाल सरकार (सचिवस्तर) मिति २०७२/०१/०५ को निर्णयानुसार पुरस्कार प्रदान गरिने क्षेत्र, पुरस्कारको नाम र मापदण्ड निर्धारण तथा पुरस्कार प्रदान गर्ने कार्यविधि तर्जुमा गर्नका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय संस्कृति महाशाखा प्रमुखको संयोजकत्वमा समिति गठन गरिएको थियो ।

## २. पुरस्कारको नाम र घोषणा :

क) यस पुरस्कारको नाम **' भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार'** रहने छ ।
ख) यस पुरस्कारको घोषणा प्रत्येक आर्थिक वर्षभित्र गरी सोही आर्थिक वर्षभित्र प्रदान गरिनेछ ।

## ३. पुरस्कारको प्रकृति र विषयगत क्षेत्रहरू :

क)राजनीतिक, सामाजिक, शैक्षिक र सांस्कृतिक क्षेत्र

ख) दलित मुक्ति आन्दोलनको क्षेत्र

ग) समाज सुधार अभियानको क्षेत्र

घ) मानव अधिकारको क्षेत्र

ङ) शिप, कला, शिक्षा-साहित्य, संस्कृति, लेखन तथा अध्ययन अनुशन्धानको क्षेत्र

## ४.पुरस्कार समर्पण गर्दा लिईने आधारहरु :

यो पुरस्कार हरेक वर्ष वितरण गरिनेछ । संयुक्त राष्ट्रसंघको महासभाले जारी गरेको अन्तर्राष्ट्रिय जातीय बिभेद उन्मूलन सम्बन्धी घोषणा, जातीय भेदभाव तथा छुवाछूत उन्मूलनका निम्ती नेपाल सरकारले गरेको घोषणा, सो सम्बन्धी बनेको जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८ लगायतका उद्घोषण एवं सो सम्बन्धका संविधान, कानुन र नीतिगत व्यवस्थाको कार्यन्वयनमा बिभिन्न क्षेत्रवाट योगदान पुऱ्याएका व्यक्ति वा संस्था समग्रतामा यो पुरस्कारका निम्ती बिषयगत क्षेत्र हुनेछन । तपशिलमा उल्लेखित बिषयगत क्षेत्र र आधार/मापदण्डको (क), (ख), (ग) र (घ) बुदाँ अन्तरगत योगदान पुऱ्याएका दलित समुदायका एक जना र गैर दलित समुदायका एक जना गरि दुई जना र बुँदा (ङ) अन्तरगत योगदान पुऱ्याएका जुन सुकै समुदायका एक जना समेत जम्मा तीन जनालाई यो पुरस्कार प्रदान गरिनेछ । यसका निम्ती बिषयगत क्षेत्र र पुरस्कारको आधार/मापदण्ड तपशिल बमोजिम रहेको छ ।

क) नेपालको राजनीतिक, सामाजिक, शैक्षिक, सांस्कृतिक लगायतका क्षेत्रको सकारात्मक परिवर्तन मार्फत सामाजिक न्याय र समानतामा आधारित समतामूलक समाज निमार्ण गर्न वा समाजका दलित, विपन्न वर्ग, न्याय र अधिकारवाट विमुख असाहय तथा उत्पीडित जनमुदायको सर्वोपरि हित र अधिकार क्षेत्र ।

ख) जातीय भेदभाव तथा छुवाछूतजन्य उत्पीडनको पिडाले आक्रान्त शिल्पी दलित समुदायको मुक्ति आन्दोलनको विकास गर्न वा राज्यको नीति निमार्णमा पहुँच, प्रतिनिधित्व र कार्यन्वयनमा भूमिका स्थापित गर्न वा अर्थपूर्ण समाबेशिता, सहभागिताको क्षेत्र ।

ग) आस्था, निष्ठा र कर्मको माध्यमवाट सामन्ती संस्कार, धर्म तथा परम्पराको नाममा हुने अन्धविस्वास,कुसंस्कार हेला होंचो, उँचनिंच र छुवाछूत आदिका बिरुद्ध समाज सुधारको अभियान/आन्दोलन मार्फत समाजमा समता र सदभाव कायम गर्ने क्षेत्र ।

घ) मानव अधिकारको संरक्षण, दलित मुक्ति अभियानको संरक्षण र विकास तथा जागरण वा सामाजिक सुधार र परिवर्तनको अभियान लगायतका विभिन्न क्षेत्र ।

ङ) शिप, कला, साहित्य, संस्कृति, लेखन तथा सृजनशिल कार्य, विज्ञान प्रविधिको अनुसन्धान र बिकास, इतिहास तथा नेपाली समाजको सांस्कृतिक पक्षको अध्ययन अनुसन्धान लगायतको कार्य वा राजनीतिक,आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका माध्यमवाट समाजको प्रगतिशिल रुपान्तरण ।

## ५. पुरस्कारका निम्ति चयनका आधार तथा विधि :

क) **भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार** प्रदान गर्नका निम्ति व्यक्ति वा संस्थाको नाम चयन गरी सिफारिस गर्न प्रत्येक वर्ष संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय संस्कृति महाशाखा प्रमुखको संयोजकत्वमा भगत सर्वजित स्मृति प्रतिष्ठानका अध्यक्ष वा निजले उक्त प्रतिष्ठानका पदाधिकारी मध्येबाट तोकेको एक जना प्रतिनिधी सदस्य, दलित समुदाय सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गरेको व्यक्तिहरूमध्येबाट मन्त्रालयले तोकेको व्यक्ति सदस्य, मन्त्रालयले तोकेको दलित समुदायको एक जना विज्ञ सदस्य र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सस्कृति शाखाका उप सचिव सदस्य सचिव रहेको **"भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार"** चयन समिति गठन गरिने छ । मन्त्रालयले पुरस्कार

चयन समितिमा सदस्य तोक्दा आवश्यक परेमा भगत सर्वजित स्मृति प्रतिष्ठानसंग समन्वय गर्न सक्नेछ । यस समितिले उपर्युक्त विषयक्षेत्रबाट वरिष्ठतम् र विशिष्ट योगदान गरेका व्यक्ति वा संस्थाको नाम चयन गरी पुरस्कारका निम्ति सिफारिस गर्नेछ । यस क्रममा सो समितिले पुरस्कार समर्पण गर्नका निम्ति प्राप्त सिफारिस तथा आवेदनहरूलाई पनि जानकारीमा लिनेछ ।

ख) बुँदा नं. ४ (क) बमोजिम गठन हुने चयन समिति पुरस्कृत गरिने विषय क्षेत्रगत विज्ञताको प्रतिनिधित्व हुने गरी संयोजक सहित बढीमा ५ सदस्यीय हुनेछ ।

ग) उपर्युक्त बमोजिमको पुरस्कार प्राप्त गर्ने व्यक्तित्व प्रत्येक विषय क्षेत्रसँग सम्बद्ध वरिष्ठ, विशिष्ट, सिर्जनात्मक योगदान गरेको र आफ्नो विषय क्षेत्रमा दिएको योगदानद्वारा नेपाली समाजमा प्रतिष्ठा आर्जन गरेको हुनुपर्नेछ । यस्तो व्यक्ति नेपाली वा गैर नेपाली नागरिक पनि हुन सक्नेछ । नेपालभित्र वा प्रवासमा रहेर योगदान पुऱ्याएको पनि हुन सक्नेछ । यो पुरस्कार मरणोपरान्त पनि प्रदान गर्न सकिनेछ। पुरस्कार प्रदान गरिने व्यक्तिका योगदानको स्पष्ट,प्रमाणिक, तथ्यगत आधारहरु हुनुपर्नेछ ।

घ) यो पुरस्कार प्रदान गरिने व्यक्ति छनौट गर्दा समग्र योगदानका अतिरिक्त योगदानको प्रकृति, निरन्तरता, निष्ठा र प्रतिवद्धता जस्ता बिषयलाई मुख्य आधार मान्नु पर्नेछ ।

ङ) पुरस्कार प्राप्त गर्न योग्य व्यक्ति वा संस्थाको नाम चयन गर्ने सिलसिलामा व्यक्तिगत विवरण सहित सिफारिस गर्नका लागि ७ दिने सार्वजनिक सूचना जारी गरिनेछ । इच्छुक व्यक्ति वा संस्था स्वयम्ले पनि पुरस्कारका निम्ति आफ्नो विवरण सहित अनुसुची १ को ढाँचामा आवेदन दिन वा अन्य व्यक्ति वा संस्थाको नाम सिफारिश गर्न सक्नेछन् ।

च) पुरस्कारका निम्ति नाम सिफारिस गर्दा चयन समितिले स्पष्ट आधार दिई सिफारिस गरेको हुनुपर्नेछ र सो सिफारिस बमोजिम नै पुरस्कार घोषणा गरिनेछ ।

छ) पुरस्कारको विषयगत क्षेत्र अन्तरगत प्रदान गरिने तिनवटा पुरस्कारको राशि प्रत्येकका निम्ति रू.१,००,०००/-(रू. एकलाख ) कायम गरिएको छ । पुरस्कृत व्यक्ति वा संस्थालाई पुरस्कारको रकमका साथै सम्मान-पत्र समेत प्रदान गरिनेछ ।

ज) प्रत्येक पुरस्कार एक भन्दा बढी व्यक्ति वा संस्थालाई संयुक्त रुपमा पनि प्रदान गर्न सकिनेछ ।

झ) माथि उल्लेख भएको मापदण्ड तथा कार्यविधिसँग नबाझिने गरी परिआएका बाधा अड्चन सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

# अनुसूची १

## विवरण-पत्र

### भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कारको लागि फारमको ढाँचा

१. नाम थर :..............................................................
उमेर :............................
स्थायी ठेगाना ......................................................
प्रदेश..................... जिल्ला...............गा.वि.स. ⁄ न.पा ........................
सर्म्पक ठेगाना :.................. फोन ⁄ मोवाइल नं :............ई-मेल :................

२. पुरस्कार दावी आफैले गरेको वा अन्य व्यक्ति वा संस्थाको लागि सिफारिस गरेको सो को विवरण

..........................................................................................
..........................................................................................
..........................................................................................

३. दावी गरेको पुरस्कारको प्रकृति र बिषयगत क्षेत्र ।
**पुरस्कारका** लागि (सम्बन्धित विधामा (✓) चिन्ह लगाउने)

क)राजनीतिक, सामाजिक, शैक्षिक र सांस्कृतिक क्षेत्र

ख) दलित मुक्ति आन्दोलनको क्षेत्र

ग) समाज सुधार अभियानको क्षेत्र

घ) मानव अधिकारको क्षेत्र

ङ) शिप, कला, शिक्षा-साहित्य, संस्कृति, लेखन तथा अध्ययन अनुशन्धानको क्षेत्र

४.सम्बन्धित प्रतिभाले सम्बन्धित विधामा दिएको योगदान :

| क्र.स | विवरण | योगदान |
|---|---|---|
| १ | सम्बन्धित क्षेत्रमा निरन्तरताको अवधि | |
| २ | यस अघि प्राप्त राष्ट्रिय ⁄ अन्तर्राष्ट्रिय पुरस्कार, सम्मान आदि | |
| ३ | शैक्षिक उपाधी | |

५. माथि उल्लेख मापदण्ड एवं आधार अर्न्तगत बाहेक अन्य योगदान भए सो सम्बन्धी विवरणः..................................................................................

..........................................................................................................
........................

६. पुरस्कारको लागि दाबी गरिएको बिषय र क्षेत्रगत योगदानको मूल बिशेषता :
..........................................................................................................
..........

७. संलग्न कागजातहरू :- (प्रकाशित उत्कृष्ठ कृति लगायतका कागजातहरु)
................................................................................

**नोट : अन्य केही भए छुट्टै पानामा उल्लेख गरी पेश गर्न सकिनेछ ।**

**विवरणपत्र प्रस्तुतकर्ताको**
**नाम थर -:**
**ठेगाना -:**
**दस्तखत-:**
**मिति -:**